## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/०८/२०७९/०८०

**निर्णय नं. (१)**

प्रस्ताव नं. (१) माथि छलफल गर्दा कानेपोखरी गाउँ कार्यपालिका (कार्यविभाजन) नियमावली, २०७८ को अनुसूची २ मा गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्था र सामुदायिक विद्यालयहरुको आन्तरिक तथा पूर्व लेखापरीक्षण गाउँ कार्यपालिकाको कार्यालयको आन्तरिक लेखापरीक्षण उपशाखाबाट गर्नुपर्ने भन्ने व्यवस्था भएकोमा गाउँपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्था र सामुदायिक विद्यालयहरुको आर्थिक वर्ष २०७८।०७९ को आन्तरिक लेखापरीक्षण गाउँ कार्यपालिकाको कार्यालयको आन्तरिक लेखापरीक्षण उपशाखाबाट गराई सोको प्रतिवेदन प्राप्त भए पश्चात् मात्र अन्तिम लेखा परीक्षण गर्ने/गराउने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यलय, शिक्षा तथा सामाजिक विकास शाखा, स्वास्थ्य शाखा र कानेपोखरी गाउँपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्था र सामुदायिक विद्यालयहरुलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (२)**

प्रस्ताव नं. (२) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको बाहौं गाउँ सभा अधिवेशनद्वारा पारित नीति तथा कार्यक्रमको बुँदा नम्बर (१) को खण्ड (क) ले माटो परीक्षण गरी स्थानीय भूगोल सुहाउँदो व्यवसायिक कृषि पेशा अवलम्बन गर्न इच्छुक सम्पूर्ण कृषकहरुलाई श्री जनसेवा मा.वि. रमाइलोमा सञ्चालनमा रहेको माटो परीक्षण प्रयोगशाला मार्फत् निःशुल्क माटो परीक्षणको व्यवस्था मिलाइने, र यसका लागि उक्त विद्यालयलाई गाउँपालिकाबाट अनुदान रकम उपलब्ध गराइनेछ भनी व्यवस्था भएकोमा श्री जनसेवा मा.वि., रमाइलोको च.नं. ३२, मिति २०७९।०५।०८ गतेको पत्रासाथ प्राप्त माटो परीक्षणको विधा सहितको शुल्कका विषयमा यस बैठकमा जानकारी भयो। गाउँपालिका क्षेत्रभित्रका सबै वडाका माटो परीक्षण गराउने इच्छुक कृषक (सम्बन्धित वडाको सिफारिस सहित) हरुलाई उक्त विद्यालयको ल्याब मार्फत् निःशुल्क माटो परीक्षण गराउने व्यवस्था मिलाउने र माटो परीक्षण गर्ने वडागत कृषकको संख्या र परीक्षणको विधा एवम् नतिजाको प्रतिवेदन विद्यालयको ल्याबबाट लिई माटो परीक्षण शुल्क सम्बन्धित विद्यालयको खातामा निकासा गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो। यसका साथै देहाय बमोजिमको तालिकामा माटो परीक्षण गर्ने सार्वजनिक सूचना प्रकाशन गर्ने व्यवस्था मिलाउन समेत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय समेत सर्वसम्मतीले पारित गरियो।

**निःशुल्क माटो परीक्षण गर्ने तालिका**

| वडाको नाम | माटो परीक्षण गर्नका लागि वडाको सिफारिससाथ कृषकले माटो संकलन गरी कृषि विकास शाखामा ल्याउनुपर्ने दिन | कैफियत |
|---|---|---|
| १ नं. वडा | २०७९ साल भदौ र पौष महिनाको तेस्रो मंगलबार | |
| २ नं. वडा | २०७९ साल असोज र पौष महिनाको पहिलो मंगलबार | माटो परीक्षण गर्ने अभिलेख र प्रतिवेदनको ढाँचा कृषि विकास शाखाले तोक्ने। |
| ३ नं. वडा | २०७९ साल असोज र माघ महिनाको तेस्रो मंगलबार | |
| ४ नं. वडा | २०७९ साल कात्तिक र माघ महिनाको पहिलो मंगलवार | |
| ५ नं. वडा | २०७९ साल कात्तिक र फागुन महिनाको तेस्रो मंगलबार | |
| ६ नं. वडा | २०७९ साल मंसिर र फागुन महिनाको पहिलो मंगलवार | |
| ७ नं. वडा | २०७९ साल मंसिर र चैत्र महिनाको तेस्रो मंगलबार | |

**निर्णय नं. (३)**

मिति २०७९।०५।०९ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको बैठकको निर्णय

राजमती हडुवास
अध्यक्ष

CamScanner

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/०८/२०७९/०८०

प्रस्ताव नं. (३) माथि छलफल गर्दा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७९ ले दिएको अन्तिम लेखापरीक्षण प्रतिवेदनको प्रकरण नम्बर ११.१ ले दिएको सुझावलाई मध्यनजर गर्दै चालु आर्थिक वर्षका लागि कानेपोखरी गाउँपालिकाको बाहौं गाउँ सभा अधिवेशनद्वारा स्वीकृत बजेट समेतलाई विश्लेषण गरी सार्वजनिक खरिद ऐनमा व्यवस्था भए बमोजिम वार्षिक खरिद योजना तयार गरी खरिद प्रकृया अघि बढाउन गाउँ कार्यपालिकाको कार्यालय र सबै वडा कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (४)**

प्रस्ताव नं. (४) माथि छलफल गर्दा आर्थिक वर्ष २०७८।०७९ मा तराई मधेश समृद्धि कार्यक्रम मार्फत् प्राप्त एकीकृत वस्ती निर्माण आयोजनाबाट २ नं. वडामा निर्मित विभिन्न ६ वटा घरमा देहायमा उल्लिखित घरवारविहिन व्यक्ति/परिवारलाई राख्न उपयुक्त हुने भनी सम्बन्धित वडाबाट सिफारिस भई आएकोमा तत्कालका लागि उक्त आवास गृह उल्लिखित व्यक्ति/परिवारलाई प्रयोगमा ल्याउन दिने व्यवस्था मिलाउन सम्बन्धित वडा समितिलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो। यसका साथै चालु आर्थिक वर्ष २०७९।०८० मा समेत सोही प्रकृतिको आयोजनाबाट एकीकृत वस्ती निर्माण सोही स्थानमा सञ्चालन गर्न लागिएको हुँदा उक्त आयोजना सम्पन्न भए पश्चात् घरवारविहिन अन्य व्यक्ति/परिवारहरुलाई क्रमशः व्यवस्थापन गर्दै लैजाने निर्णय समेत सर्वसम्मतीले पारित गरियो।

| आवास प्रयोगमा ल्याउन दिइने घरवारविहिन व्यक्ति/परिवारको नाम, थर र ठेगाना | सिफारिस गर्ने वडा |
|---|---|
| बखारु राजबंशी, २ नं. वडा | २ नं. वडा |
| चेत बहादुर विष्ट, २ नं. वडा | २ नं. वडा |
| पलान ऋषिदेव, २ नं. वडा | २ नं. वडा |
| पाण्डु ऋषिदेव, २ नं. वडा | २ नं. वडा |
| कोपिला सार्की, ५ नं. वडा | ५ नं. वडा |
| डम्बर बहादुर माझी, ५ नं. वडा | ५ नं. वडा |

**निर्णय नं. (५)**

प्रस्ताव नं. (५) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको बाहौं गाउँ सभा अधिवेशनद्वारा पारित नीति तथा कार्यक्रमको बुँदा नम्बर (२५) ले आर्थिक तथा सामाजिकरुपले पछाडि परेका गाउँपालिका क्षेत्रभित्रका परिवारका बुहारीहरुलाई उच्च शिक्षामा पहुँच अभिवृद्धि गराउन **"सासुको इच्छा, बुहारीलाई शिक्षा"** नामक कार्यक्रम सञ्चालनमा ल्याइनेछ भनी व्यवस्था भएकोमा श्री रमाइलो बहुमुखी क्याम्पस, कानेपोखरी ५ मा स्नातक तहमा अध्ययन गर्ने गाउँपालिका क्षेत्रभित्रका परिवारका बुहारीहरुलाई देहायमा उल्लिखित प्रकृया पूरा गरी स्नातक तह (सबै वर्ष) अध्ययनका लागि क्याम्पस भर्ना भएमा उक्त कार्यक्रमवाट चालु शैक्षिक वर्षमा खर्च लेख्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**देहायः**

- सासु स्वयंले आफ्नी बुहारीलाई स्नातक तह अध्ययनका लागि क्याम्पसमा भर्ना गर्न लैजानु पर्ने।
- यदि परिवारमा सासु नभएमा एकासगोल परिवारको बुढी सासु वा काकी सासु वा बढीआमा सासु वा आमाजु वा जेठानीले बुहारीलाई स्नातक तह अध्ययनका लागि क्याम्पसमा भर्ना गर्न लैजानु पर्ने। सो समेतको उपलब्धता नभएमा सम्बन्धित वडाको महिला वडा सदस्यले माथि उल्लेख भएको कार्यक्रमवाट लाभ पाउने बुहारीलाई स्नातक तह अध्ययनका लागि क्याम्पसमा भर्ना गर्न लैजानु पर्ने।

**मिति २०७९।०५।०९ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको बैठकको निर्णय**

राजवती बस्नेत
अध्यक्ष

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/०८/२०७९/०८०

- क्याम्पसबाट माथि उल्लेख भए बमोजिम स्नातक तह अध्ययनका लागि बुहारी भर्ना हुन आएको हो भनी फोटो लगायतका क्याम्पसमा भर्ना भएका कागजातको पुष्टयाँई गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्ने।
- यसरी भर्ना हुने बुहारीको स्नातक तह अध्ययनमा लाग्ने क्याम्पसद्वारा निर्धारित भर्ना शुल्क र मासिक शुल्क सासुको इच्छा, बुहारीलाई शिक्षा कार्यक्रमबाट व्योहोर्ने गरी सोझै क्याम्पसको खातामा रकम निकासा गर्ने व्यवस्था मिलाउने।
- उल्लिखित बमोजिमको कार्यक्रम कार्यान्वयनको अभिलेख, प्रतिवेदन, कागजात र प्रकृयालाई व्यवस्थित गर्ने अनुसूची फारमको ढाँचा कार्यालयले स्वीकृत गर्ने।
- बढीभन्दा बढी गाउँपालिका क्षेत्रभित्रका परिवारका बुहारीहरुलाई उच्च शिक्षा अध्ययनमा पहुँच अभिवृद्धि गर्न उक्त कार्यक्रमको बारेमा पर्याप्त प्रचारप्रसार गर्ने।
- आफ्नो परिवारका बुहारीलाई यो कार्यक्रम बमोजिम श्री रमाइलो बहुमुखी क्याम्पस र अन्यत्र शिक्षण संस्थामा भर्ना गर्न जाने सासु वा उल्लिखित अन्य समुहका नातेदारलाई सम्मान गर्ने व्यवस्था समेत मिलाउने।

<u>निर्णय नं.</u> (६)

प्रस्ताव नं. (६) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको बाह्रौं गाउँ सभा अधिवेशनद्धारा पारित नीति तथा कार्यक्रमको बुँदा नम्बर (४२) ले निर्देश गरेको उद्यमसँगै जनजीविका, प्याड उत्पादनमा स्वयंसेविका कार्यक्रम कार्यान्वयनका लागि बैठक समक्ष पेश हुन आएको **उद्यमसँगै जनजीविका प्याड उत्पादनमा स्वयंसेविका कार्यक्रम सञ्चालन कार्यविधि, २०७९** को मस्यौदा उपर दफावार छलफल भयो र उक्त कार्यविधि स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

(स्वीकृत कार्यविधि गाउँपालिका अध्यक्षबाट प्रमाणीकरण गरी राजपत्र मार्फत् सार्वजनिक गरिनेछ)

<u>निर्णय नं.</u> (७)

प्रस्ताव नं. (७) माथि छलफल गर्दा भूउपयोग नियमावली बमोजिम गाउँपालिका क्षेत्रभित्र वर्गीकरण गर्नुपर्ने जग्गाहरुको वर्गीकरण सम्बन्धी विषयमा सम्बन्धित क्षेत्रका विषयविज्ञहरु मार्फत् सरोकारवालाहरुलाई पर्याप्त मात्रामा सुसूचित गर्दै साझा निष्कर्षमा पुग्नु पर्ने देखिएको तथा यस कार्यका लागि गाउँपालिका क्षेत्रभित्र त्यस किसिमको विषयको पर्याप्त ज्ञान भएको जनशक्ति नभएकाले परामर्श सेवामा विषयविज्ञहरुको व्यवस्थापन गरी भूउपयोग नियमावलीले व्यवस्था गरेको जग्गा वर्गीकरणको कार्य अघि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

<u>निर्णय नं.</u> (८)

प्रस्ताव नं. (८) माथि छलफल गर्दा नेपाल सरकार कृषि मन्त्रालयबाट स्वीकृत स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९ बमोजिम कृषि स्नातक (Bsc. Ag.) करार जनशक्ति एक (१) कानेपोखरी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७८ मा उल्लिखित सूचकका आधारमा छनोट गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

<u>निर्णय नं.</u> (९)

मिति २०७९।०५।०९ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको बैठकको निर्णय

अध्यक्ष

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/०८/२०७९/०८०

प्रस्ताव नं. (९) माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०७९।०८० का लागि स्वीकृत सम्बन्धित बजेट शीर्षकबाट खर्च लेख्ने गरी देहायमा उल्लिखित आयोजना/कार्यक्रम तत्काल सञ्चालन गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालय र सम्बन्धित सबै वडा कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

देहायः

| क्र.सं. | आयोजना तथा कार्यक्रमको नाम र ठेगाना | खर्च लेख्ने बजेट शीर्षक | विनियोजित बजेट (रु.) | तत्काल आयोजना सञ्चालन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | रमाइलो क्याम्पस पैनीमा ह्युमपाइप गडान गरी मर्मत आयोजना, कानेपोखरी ५ | सिँचाई, बाँध, पैनी मर्मतसम्भार | १,७०,०००।०० | बाटो समेत सुचारु गरी पैनीको व्यवस्थापन गर्नुपर्ने |
| २. | सुन्दरसिंह घिसिङको घरहुँदै दक्षिण हस्तिनापुर जाने सडकमा ड्रेन निर्माण आयोजना, ४ नं. वडा | मर्मतसम्भार कोष (नियमित) | स्वीकृत डिजाइन एवम् लागत अनुमान बमोजिमको रकम। | |
| ३. | वडा कार्यालयमा र्याक निर्माण आयोजना, ५ नं. वडा | वडाको सिलिङ र नपुग रकम समपूरक कोष | स्वीकृत डिजाइन एवम् लागत अनुमान बमोजिमको रकम। | |
| ४. | धिमाल जाति विकास केन्द्र, बयरवन नर्सरीडाँडाको भवन निर्माण आयोजना, ६ नं. वडा | मठ/मस्जिद/गुम्बा/मन्दिर/चर्च मर्मतसम्भार | ३,००,०००।०० | |
| ५. | श्री गुरु गोरखनाथ मन्दिरको अधुरो भवन निर्माण आयोजना, ७ नं. वडा | मठ/मस्जिद/गुम्बा/मन्दिर/चर्च मर्मतसम्भार | ३,००,०००।०० | |
| ६. | ५ नं. वडा कार्यालय, २, ६ र ७ नं. वडाको आधारभूत स्वास्थ्य केन्द्र र सन्थाल सामुदायिक भवनमा फर्निचर व्यवस्थापन | फर्निचर तथा फिक्चर्स | स्वीकृत डिजाइन एवम् लागत अनुमान बमोजिमको रकम। | नवनिर्मित उक्त भवनहरु तत्काल उद्घाटन गर्नुपर्ने भएकाले। |
| ७. | झाँगड सामुदायिक अधुरो भवन निर्माण आयोजना, २ नं. वडा | मर्मतसम्भार कोष (नियमित) | स्वीकृत डिजाइन एवम् लागत अनुमान बमोजिमको रकम। | |
| ८. | कानेपोखरी ६ गाउँ कार्यपालिकाको कार्यालयको पश्चिमपट्टिको सुकुना पैनीमा ड्रेन निर्माण | ड्रेन सहितको सडक स्तरोन्नती निर्माण आयोजना (बहुवर्षीय) | १०,००,०००।०० | |
| ९. | घलेटोल चालिस बिघे चिसाङ पैनी निर्माण आयोजना, कानेपोखरी ७ र ५ नं. वडा | सिँचाई, बाँध, पैनी मर्मतसम्भार | स्वीकृत डिजाइन एवम् लागत अनुमान बमोजिमको रकम। | |
| १०. | तल्लो हरकपुर कामत टोलमा माझीथान मन्दिर निर्माण, ३ नं. वडा | मठ/मस्जिद/गुम्बा/मन्दिर/चर्च मर्मतसम्भार | २,३०,०००।०० | |

**निर्णय नं. (१०)**

प्रस्ताव नं. (१०) माथि छलफल गर्दा **कानेपोखरी गाउँपालिकाको छात्रवृत्ति सम्बन्धी ऐन,** २०७९ को दफा ५ को उपदफा (३) को खण्ड (क) ले प्रत्येक वडाबाट कम्तीमा एकजना विद्यार्थीलाई प्राविधिक विधामा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको छात्रवृत्ति उपलब्ध गराइने भन्ने व्यवस्था भएकोमा गाउँपालिका क्षेत्रभित्रका सबै वडाबाट चालु शैक्षिक वर्षमा श्री जनसेवा मावि, रमाइलोमा कृषि/बाली विज्ञान विधामा एक/एकजना विद्यार्थी छात्रवृत्तिमा अध्यापन



राजमती घिसिङ
अध्यक्ष

CamScanner

गराउने भनी मिति २०७९।०४।३१ गते बसेको गाउँ कार्यपालिकाको बैठकबाट निर्णय भएकोमा उक्त विद्यालयमा अध्यापन गराइने कृषि/बाली विज्ञान विधा चार वर्षे (कक्षा ९ देखि कक्षा १२ सम्म) रहेको तथा प्रवेशिका वा सो सरहको परीक्षा उत्तीर्ण गरी CTEVT लगायतका अन्य मान्यताप्राप्त शैक्षिक संस्थाबाट अठार (१८) महिने कृषि सम्बन्धी तालिम लिएका विद्यार्थीहरुले मात्र सोझै कक्षा ११ मा कृषि/बाली विज्ञान विधामा भर्ना भई कक्षा १२ सम्मको अध्ययन पूरा गर्न पाउने भनी उक्त विद्यालय मार्फत् जानकारी प्राप्त हुन आएकोमा सोही योग्यता पुगेका इच्छुक विद्यार्थीहरुलाई लक्षित गरी वडागत सूचना प्रकाशित गरी चालु शैक्षिक वर्षमा ऐनले निर्धारण गरेको कार्यक्रम कार्यान्वयन प्रकृयामा लैजान छात्रवृत्ति व्यवस्थापन समितिलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (११)**

प्रस्ताव नं. (११) माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०७९।०८० का लागि पूर्वाधार विकास तर्फ कालोपत्रे सडक मर्मतसम्भार खर्च शीर्षकबाट खर्च व्योहोर्ने गरी रमाइलो-दोहमना कालोपत्रे सडक रमाइलोबाट क्रमशः बयरबन हुँदै मर्मत गर्ने गरी आयोजना स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (१२)**

प्रस्ताव नं. (१२) माथि छलफल गर्दा गाउँपालिका क्षेत्रभित्र देहायमा उल्लिखित संघ/संगठन गठन गर्न सरोकारवाला लक्षित सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

देहाय

क. गाउँपालिकास्तरीय उद्योग बाणिज्य संघ/संगठन,

ख. गाउँपालिकास्तरीय घरेलु तथा साना उद्योग सम्बन्धी संघ/संगठन,

ग. गाउँपालिकास्तरीय सहकारी सञ्जाल।

**निर्णय नं. (१३)**

प्रस्ताव नं. (१३) माथि छलफल गर्दा बेलबारी नगरपालिका र कानेपोखरी गाउँपालिकाको साझा चिसाङ खोलाबाट श्रममूलक प्रविधिबाट नदीजन्य पदार्थ उत्खनन गर्नका लागि बेलबारी नगरपालिकाबाट गरिएको आइ.इ.इ. प्रतिवेदन बेलबारी नगरपालिकाबाट स्वीकृत भए बमोजिम नै अनुमोदन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (१४)**

प्रस्ताव नं. (१४) माथि छलफल गर्दा गाउँपालिकको आन्तरिक राजस्व खाता र धरौटी खातामा जम्मा भएका रकमहरु यकीन गरी नियमानुसार फिर्ता गर्नुपर्ने धरौटीको रकम यकीन गर्न देहाय बमोजिमको समिति गठन गर्ने र उक्त समिति मार्फत् प्राप्त हुने प्रतिवेदन कार्यपालिकामा छलफल गराई सोही बमोजिम रकम फिर्ता दिने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

देहाय

राजस्व तथा आर्थिक प्रशासन शाखा प्रमुख अजित भट्टराई — संयोजक

योजना शाखा प्रमुख श्री गोविन्द प्र. फुयाल — सदस्य

अधिकृत स्तर श्री गणेश रेग्मी — सदस्य

आ.ले.प. शाखा प्रमुख श्री कृष्ण ब. दास — सचिव

मिति २०७९।०५।०९ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको बैठकको निर्णय

राजमती इङ्नाम
अध्यक्ष

CamScanner